# ११३ औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित कार्यक्रम

कार्यक्रम प्रस्तोता : संगिता मरहट्ठा

सभापति : यास्मिन बेगम सैयद

# स्वागत मन्तव्य : टीका गुरुङ, महिला सचिव, एनआरएनए

कार्यक्रममा उपस्थित महानुभावहरुलाई  हार्दिक स्वागत । महिलालाई आर्थिक, सामाजिक र चौतर्फी रुपमा सक्षम, सबल र आत्मनिर्भर बनाउन सरकार, सरोकारवाला, व्यक्ति व्यक्ति सचेत हुनुपर्छ ।

## चरिमाया गुरुङ, अध्यक्ष शक्ति समूह

*"घटना घट्नै नदिनु र घटेपनि फेरि अर्को त्यस्तै घटना नघटोस् भन्ने तर्फ सचेत हुनुपर्छ । समस्यामा पर्नु व्यक्तिको दोष होइन , त्यसमा धेरै कुरा दोषी हुन्छन् । सरकार जिम्मेवार हुनुपर्छ । केही व्यक्ति अभियानमा जुटेपनि अझै पनि कयौँ महिला समस्यामा छन् आज पनि विभिन्न बहानामा महिलाहरु बेचबिखनमा परिरहेका छन् ।*

*उक्त अवस्थालाई निर्मुल पार्न सचेत हुनुपर्छ । वर्षको एकदिन पर्खन नपरोस् । हरेक दिन महिलालाई एकै साथ सहयात्री बनाएर साथसाथ लिएर हिँड्न सकौँ । हातेमालो गरेर अघि बढ्न तयार छु । शक्ति समूह त्यसका लागि तयार छ । बेचविखनमा पर्न सक्ने सम्भावना भएकोले राजदूतावासमा मानव वेचविखन विरुद्धको शाखा खोल्न सकियोस् र त्यसमा एनआरएनले पनि पहल गरोस् । समस्यामा परेका महिलालाई उद्धार गर्न सकियोस् र समयमै स्वदेश फर्काउन सकियोस् ।"*

# मञ्जु गुरुङ, अध्यक्ष पौरखी नेपाल

“वैदेशिक रोजगारीमा जाने महिलाहरुको विप्रेषणमा योगदान छ तर त्यसको मूल्यांकन भएको छैन ।  महिलालाई यौनिकतासँग जोडेर कुरा गर्ने प्रवृत्ति अहिलेपनि हाबी छ, त्यसलाई अन्त्य गर्नु जरुरी छ ।  पुर्नएकीकरणको कुरा जत्ति नै भएपनि  त्यसको परिभाषा नै प्रष्ट छैन त्यसलाई पुनः परिभाषित गर्नु जरुरी छ । सरकारले पुर्नएकीकरणको धारणा ल्याएको छ । तर सो महिलामैत्री छैन । महिलाको उपस्थिति नै नभएको कार्यविधिलाई कसरी मान्ने ?भन्ने सवाल पनि छ । सम्मानजनक वातावरण हुनुपर्छ  । विदेशमा जानेवित्तिकै महिलाको चरित्रहत्या सम्म हुने गरेको दुखद् पक्षलाई उजागर गर्दै उहाँले महिलाको लागि सम्मानजनक वातावरण र नीति नियमको तर्जुमा गर्नुपर्छ । महिलालाई आर्थिक, सामाजिक रुपमा सक्षम बनाई मानसिक रुपमा पनि परिपक्क बनाउनु जरुरी छ । दलीय राजनीतिले पनि महिलाको हक अधिकारका लागि ग्यारेन्टी गर्नुपर्छ  । महिलाको क्षमता, योग्यता हरेर महिलालाई व्यवहार गर्नुपर्छ । विदेशमा जानुपूर्व अभिमुखीकरण तालिम दिनुपर्ने, मानसिक र शारीरिक रुपले तयार बनाएर पठाउनुपर्छ । वैदेशिक रोजगारीलाई सुर्क्षित बनाउन, उनीहरुलाई मनोपरामर्श प्रदान गर्नुपर्छ ।”

## बबिता बस्नेत वरिष्ठ, पत्रकार

"महिलाका लागि सञ्चार क्षेत्र उदार छ । डिजिटल प्लेटफर्मको अवसर धेरै छ । डिजिटल मिडियामा जान डराउँछन्, तर त्यो अवस्था अब रहनुहुन्न । मैले सक्दिन कि भन्ने डरको अन्त्य गर्ने खालको व्यवस्था हुनुपर्छ । महिला पत्रकारले पनि हिंसा भोग्नुपरेको छ ।

हिंसा अहिले अनलाइनमार्फत बढी हुने गरेको छ । नीति कानून छ तर कार्यान्वयन फितलो छ । सबैले सोही कानून संगत रुपमा सबैजना अघि बढ्नुपर्छ । मान्छेको प्रवृत्ति वा नियत सही भए नियति सदैव सही हुन्छ । सबै सचेत रहौँ एकले अर्कोलाई साथ दिउँ ।"

**विष्णुमाया परियार, एनआरएन महिला उपाध्यक्ष**

“अन्तर्राष्ट्रिय महिला दिवस नै महिलाहरुको लागि उत्सव हो । प्रविधिको युग हो अति महत्वपूर्ण छ ।

शिक्षा महिलाको विकासको निर्विकल्प कडी हो । शिक्षा, स्वास्थ्य लगायत आर्थिक रुपमा पनि महिलालाई सबल बनाउनुपर्छ ।”

## डा, बद्री केसी, अध्यक्ष एनआरएनए

“महिलालाई शैक्षिक र आर्थिक रुपमा सबल बनाउन सकिँदैन तबसम्म महिला र पुरुषबीच समानता वा समता कायम गर्न सकिँदैन । संसारभरि नै यो किसिमको असमानता भएपनि अझ अविकसित र अल्पविकसित देशमा यस्तो अवस्था बढी हुने बताउनुभयो । एनआरएनएले महिला समानता र समताका लागि पहल गर्दै आएको छ । संघ महिलामैत्री छ  र रहनेछ । पुरुषभन्दा पनि अझ बढी जिम्मेवार भएर समाज परिवर्तनको संवाहक बनीरहेका महिलापंक्तिप्रति विशेष आभार व्यक्त गर्छु ।”

# रबिना थापा, अध्यक्ष एनआरएनए

“रुपान्तरण मुलुकको समृद्धि र दिगो विकासका लागि महिलाहरूको आर्थिक, सामाजिक तथा संरचनात्मक ति आवश्यक छ। स्वदेशमा मात्रै नभई विदेशमा रहेका महिलाले भोगेका समस्या सम्बोधन गर्नुपर्छ । गैरआवासीय नेपाली नागरिकताको विषय सम्बोधन गर्नुपर्छ । ग्रामिण क्षेत्रमा रहेका महिला हकअधिकार सुनिश्चित गर्नुपर्छ । स्वास्थ्य लगायतका विषयलाई सुनिश्चित गर्नुपर्छ । एनआरएनले सुरु गरेको छात्रा शौचालय अभियान सुरु गरेको बताउनुभयो। छोरी बचाउ र छोरी पढाऊ अभियान छिट्टै सुरु गरिनेछ। महिला सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न हामीले संविधानमार्फत आधारभूत व्यवस्थाहरू गरी विभिन्न कानुन समेत अभ्यासमा छन् तर ती अझै पर्याप्त छैनन्।

स्वदेशमा समान कामका लागि समान पारिश्रमिक नपाउने, महिला भएकै कारण हिंसामा पर्नुपर्ने, महिलाको क्षमतामा प्रश्न खडा गर्ने, रोजगारीका लागि विदेशिनुपर्ने लगायतका कयौं समस्या अहिले पनि विद्यमान रहेको भन्दै सरकार र सरोकारवाला सचेत हुनुपर्छ। महिलालाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्नुपर्ने र विदेशमै कामका गर्न चाहनेका लागि सम्मानजनक रोजगारीको लागि पहलकदमी लिनु जरुरी छ। आार्थिक अवस्थामा मजबुत नभएकै कारण महिलाहरु हिंसामा पर्ने गरेको भन्दै महिलालाई आर्थिक रुपमा सक्षम, सबल र आत्मनिर्भर बनाउन सरकार र हामी लगायतका सरोकारवालाको भूमिका अहम रहेको र महिला सशक्तीकरण, सहभागिता र समानताको विषय महिला सरोकार मात्रै नभई महिला र पुरुष दुवैको समान र सक्रिय भूमिकाबाटै महिला अधिकार सुनिश्चित हुन्छ।”

# लिलि थापा, राष्ट्रिय मानव अधिकार आयोग

“संविधानले आधारभूत आवश्यकता दिएको छ । १६ वटा महिलामैत्री कानून बनीसकेको अवस्था छ र कार्यान्वयन चरणमा छन् । बालिका शिक्षामा केही सुधार गरेको छ ।  यूएनडिपीले नेपाल सरकारसँग मिलेर बालिका शिक्षाको कार्यक्रम जारी राखेको छ । २०१६ देखि २०३० सम्मको रोडम्यापले नेपालमा बिना पारिश्रमिकको कामलाई उजागर गर्दै वकालत गरेको छ र महिलाको प्रजनन अधिकारुलाई पनि जोड दिएको छ । महिलाहरुको अर्थपूर्ण सहभागिताका लागि सरकारले सम्बोधन गरेको छ । कोभिडको समय अनौपचारिक क्षेत्रमा धेरै महिला समस्यामा परेपछि सरकारले ती अनौपचारिक क्षेत्रमा रहेको उद्यमशील महिलालाई माथि उकास्न धेरै योजना र नीति बनेको छ । युवा स्वरोजगार,  कुपोषण भएका बालबालिकालाई उपचार गर्ने कार्यक्रम, राष्ट्रपति महिला उत्थान कार्यक्रम, अन्तर्गत हेलिकप्टरबाट उद्धार गरेर गर्भवतीलाई समयमै अस्पताल पुर्‍याउँदा धेरै महिलाको ज्यान जोगिएको बताउनुभयो । महिलालाई ऋृण दिँदा छुट दिने व्यवस्थाले सम्पत्तिमा महिलाको पहुँच बढीरहेको छ । ३६ वटा सेफ हाउस, सञ्चालन गरेको सुत्केरी बिदा ९० दिन, र पुरुषलाई पनि सुत्केरी श्रीमतिको सेवा गर्न बिदा दिने लगायतका व्यवस्था गरेको । ३० जिल्लालाई सरकारले महिला केन्द्रीत कार्यक्रम सञ्चालन गरिरहेको छ । आयोगले सरकारका सबै गतिविधिमा अनुगमन गरिरहेको बताउनुभयो । तर जे जति कुरा नीति नियम र कानून भएपनि ५० प्रतिशत पनि कार्यान्वयन नभएको भन्दै कार्यान्वयनमा ध्यान दिन सरकार र सरोकारवालाको ध्यानाकर्षण गराउनुभयो । १० वर्षमा १७ हजार बढी

## इन्दिरा राना मगर, माननीय उपसभामुख

“ग्रामिण अझ विकट स्थानमा महिलाको अवस्था दयनीय रहेको छ । महिलाहरु प्रविधिको पहुँचमा त परको कुरा आधारभूत शिक्षा स्वास्थ्यसम्म पनि पाएका छैनन् । शहरका महिला शिक्षित भएपनि अधिकारका कुरा गरेपनि गाउँगाउँमा महिलाको अवस्थामा कुनै परिवर्तन छैन ।

नीति निर्माणको तहमा छलफल गरेर जातिय, भूगोल र समग्र रुपमा महिलाको विकास गर्नेमा आफूले पैरवी गर्छु । महिलाहरु संख्यामा केन्द्रीत नभई गुणस्तर र क्षमतामा केन्द्रीत हुन आग्रह गर्नुभयो ।”

## तृष्णा शर्मा काफ्ले क्षेत्रीय महिला संयोजक, एनआरएनए अमेरिकाज

“महिला अधिकारका लागि सक्षम हुनुपर्छ । ग्रामिण क्षेत्रमा रहेका महिलाको विकासका लागि उनीहरुलाई स्वावलम्वी बनाउन सरकारसँग एनआरएनएले पनि सहकार्य गर्न तयार हुनुपर्छ । नीति निर्माण तहबाटै सबल र सक्षम नेतृत्वका लागि आह्वान गर्दै महिला पुरुषको सहकार्यबाटै सबै सफलता हासिल गर्न सकिन्छ। ”

## शान्ता अधिकारी, क्षेत्रीय महिला संयोजक, एनआरएनए एसिया प्यासिफिक

"महिला हक अधिकार सुनिश्चित गर्न सबैले आ-आफ्नो तर्फबाट योगदान दिनुपर्ने बताउनुभयो ।

नीति निर्माण तहबाटै सबल र सक्षम नेतृत्वका लागि काम गर्नुपर्ने उहाँको भनाई थियो ।"

# भवानी तिवारी, अध्यक्ष एनआरएनए अष्ट्रिया

“११३ औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्छु । **महिला हक हित र अधिकारका लागि एक्लो प्रयास पर्याप्त छैन, त्यसैले सबै जना मिलेर अघि बढ्नुपर्छ ।”**

# शुभ यल्मर लामा, अध्यक्ष एनआरएनए स्वीट्जरल्याण्ड

“११३ औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्छु । **महिला हक हित र अधिकारका लागिसबै जना मिलेर अघि बढ्नुपर्छ। बालिका बलात्कार हत्या तथा हिंसाका अन्त्यका लागि सबै जनाले वकालत गर्नुपर्छ। महिला हिंसा, एकल महिलामाथि हुने हिंसा, महिला बेचविखन लगायतका समस्या समाधानका लागि सरकारी तहबाटै जनचेतना अभिवृद्धि गर्दै समस्या समाधान गर्नुपर्छ।**”

# सुजाता केसी क्षेत्रीय महिला संयोजक, एनआरएनए साउथ कोरिया

“महिला र पुरुष दुवै मिलेर मात्रै हामी सफल हुन सक्छौँ । पुरुषको विरोध गर्ने, अधिकार पाएनौँ भनेर रोइलो गर्ने भन्दा पनि जुटेर अघि बढ्न र प्रविधिमा भिजाउन सक्षम र सबल बनाउनुपर्छ ।”

# कविता गुरुङ, क्षेत्रीय महिला संयोजक, एनआरएनए हङकङ

“महिलाको अधिकार र विकासका लागि महिलाले नै बढी साथ दिनुपर्छ र नीति निर्माण तहमा पनि दबाब सिर्जना गर्दै अधिकार सुनिश्चित गर्नुपर्छ ।”

# पुण्यवति सुवेदी, महिला संयोजक एनसीसी चीन

“हामी समानताकै कुरा गर्ने हो भने संस्कार बदल्नुपर्छ । अधिकार खोज्दा कर्तव्य बिर्सन हुन्न ।

आफैँबाट परिवर्तनको सुरुवात गर्नुपर्छ ।”

# प्रतिभा कार्की महिला संयोजक एनसीसी अष्ट्रिया

“११३ औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्छु । **महिला हक हित र अधिकारका लागिसबै जना मिलेर अघि बढ्नुपर्छ ।”**

# बिमला सापकोटा, आइसीसी महिला संयोजक

“समानता र समता भन्ने विषयमा सबैजना सचेत हुनुपर्छ। यी दुवै आफैँमा फरक कुरा हुन् ।समानताको नारा मात्रै लगाउने भन्दा पनि महिला आफैँले पनि आफूले आफूलाई सक्षम सचेत र क्षमतावान बनाउनुपर्नेमा जोड दिनुपर्छ।”

# विन्दु सुनुवार राई, महिला संयोजक एनसीसी मकाउ

"११३ औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्छु । **महिला हक हित र अधिकारका लागिसबै जना मिलेर अघि बढ्नुपर्छ।"**

# बाबा राजेश्वरी थापा, अष्ट्रिया मिडिया को –चियर

“११३ औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्छु । **महिला हक हित र अधिकारका लागिसबै जना मिलेर अघि बढ्नुपर्छ ।”**

# अमृता थापा, कञ्चन, सहकोषाध्यक्ष एनसीसी चीन

“११३ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्छु । **महिला हक हित र अधिकारका लागि सबै मिलेर अघि बढ्नुपर्छ । समानता र समताको विषयमा सबैले बुझ्न आवश्यक छ । समानताका नाममा समतालाई विर्सन हुन्न ।”**

# रिता गुरुङ, हङकङ नेपाल महासंघ अध्यक्ष

“महिलाका लागि सरकारले बहुउपयोगी योजना ल्याउनुपर्छ । त्यसमा एनआरएनएको सहकार्य समेत अति आवश्यक छ ।”

# यमुना, भट्टराई आइसीसी, महिला सह कोषाध्यक्ष

"महिलाहरु कमजोर हुन्छन् भन्ने सोच  अन्त्य गर्नुपर्छ । शिक्षा जस्तो ठूलो धन र साहस जस्तो ठूलो अस्त्र अरु केही नभएको भन्दै भट्टराई महिला उत्थानका लागि सबै तहबाट जुट्नुपर्छ ।"

# विन्दु निरौला, आइसीसी सदस्य

“नयाँ कुरा सिक्ने अवसरको प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो । महिलाहरुलाई प्रविधिमैत्री बनाउनुपर्छ ।”

# सरिता भण्डारी आइसीसी सदस्य

“लैगिंक समानताका लागि सबै तह तप्काबाट, नीति निर्माण तहबाट पहल हुनुपर्छ ।”

# रत्ना गौतम  महिला संयोजक वेष्ट्रन अष्ट्रेलिया

“११३ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्छु । **महिला हक हित र अधिकारका लागि सबै मिलेर गर्नु पर्छ ।**”

डा, अलिनी पोखरेल आइसीसी महिला सचिव

“महिलाका लागि महिलाले पनि अधिकारका लागि जोड दिनॅपर्छ । सशत्तीकरणमा घरबाटै थाल्नुपर्छ। हिंसा पिडित महिला बालिकालाई न्याय दिलाउन समस्त सांसदहरुले पनि वकालत गर्नुपर्छ। महिला सहभागितालाई सरकारी तहबाटै बढी महत्व दिनुपर्छ। हत्या हिंसा बलात्कार लगायतका हिंसा र अपराध अन्त्यका लागि कडा भन्दा कडा कानून र त्यो कानून लागू गर्न ध्यान दिनुपर्छ। शिक्षा स्वास्थ्य लगायतमा सहज पहुँच स्थापनाका लागि सरकार र समाजिक तहबाटै पहल गर्नुपर्छ। जबसम्म हरेक क्षेत्रमा सहज शिक्षा स्वास्थ्य लगायतको पहुँच पुग्दैन तबसम्म समानताको कुरा फगत कागजमा मात्रै सिमित छ । एनआरएन भित्र पनि महिलाहरु समस्यामा छन्। सबै मिलेर समस्या समाधानका लागि पहल गर्नंपर्छ।”

# टर्कीमा गएको विनासकारी भूकम्पका पीडितका लागि सहयोग हस्तान्तर

टर्कीमा गएको विनासकारी भूकम्पका पीडितका लागि एनसीसी टर्कीले गरिरहेको सामाजिक कार्यमा ऐक्यबद्धता र समर्थन जनाउँदै ४ हजार १ सय १९ डलर १९ सेन्ट आर्थिक सहयोग हस्तान्तर गरिएको छ । एनआरएनए आइसीसी मिडिया कमिटीकी कोचियर बाबा राजेश्वरी थापाको नेतृत्वमा टर्कीको भूकम्पपीडितका लागि संकलन गरिएको आर्थिक सहयोग एनसीसी टर्कीका अध्यक्ष उज्जल कुमार घिसिङलाई माननीय उपसभामुख इन्दिरा रानामार्फत हस्तान्तरण गरिएको हो ।  आर्थिक सहयोग उपलब्ध गराउनुहुने सबैलाई कार्यक्रममा विशेष धन्यवाद ज्ञापन गरियो ।

# सभा विर्सजन : यास्मिन बेगम सैयद

## कार्यक्रममा उल्लेख उपस्थितिका लागि धन्यवाद ।

आजको  कार्यक्रममा उपस्थिति भइ सक्रिय सहभागिता जनाइदिनुभएकोमा अतिथि एवं समस्त महानुभावलाई धेरै धेरै धन्यवाद । आज कार्यक्रममा झण्डै एक सयको उपस्थिति रहेको थियो ।

# धन्यवाद ।